## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १०-२०८२/०८३

मिति २०८२/१२/०२ समयः विहान ११:०० बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| **नामथर** | **पद** |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री राजिव पन्थी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

| | |
|---|---|
| श्री होमनाथ लामिछाने | शिक्षा अधिकृत ( नि.प्र.प्र. अधिकृत ) |
| श्री गोविन्द प्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत |
| श्री कमल पौडेल | वरिष्ठ प्रशासन सहायक |
| श्री सविता थापा | का. स. |

देवघाट गाउँपालिका
कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति: २०८२/१२/०२

वैठक संख्या: १०-२०८२/०८३

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा।
२. सार्वजनिक सुनुवाईको मिति तय गर्ने सम्बन्धमा।
३. विद्युतीय विपद सम्बन्धी छलफल सम्बन्धमा।
४. अमानतवाट घाट खुलाउने सम्बन्धमा।
५. लै.स.सा.स र सामाजिक परीक्षण प्रतिवेदनको छलफल तथा स्वीकृत सम्बन्धमा।
६. पालिका स्तरीय, आधारभूत तह (कक्षा १-८) सम्मको परीक्षा अनुगमन सम्बन्धमा।
७. LGPASS सम्बन्धी छलफल सम्बन्धमा।
८. शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन अध्ययन कार्यदल सम्बन्धमा।
९. आधारभूत तह (कक्षा १-८)को स्थानीय पाठ्यक्रमको अन्तिम स्वीकृति सम्बन्दमा।
१०.यातायात खर्च तथा पारिश्रमिक सम्बन्धमा|
११.विविध

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो। कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**निर्णय नं. २:** देवघाट गाउँपालिकाको चा.लु आ.व २०८२/०८३ को पहिलो र दोस्रो चौमासिक( २०८२/०४/०१ देखि २०८२/११/३०) सम्मको सार्वजनिक सुनुवाई मिति २०८२/१२/१६ गते २ नं. वडा कार्यालयमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** देवघाट गाउँपालिका वडा नं. ४, ५ लगायत अन्य वडाहरुमा विद्युतीकरण गरिएका विद्युत पोल ढली विद्युत लाईन अलपत्र भई सर्वसाधारणमा जोखिम हुने सम्भावना रहेको हुँदा चितवन र तनहुँ जिल्लाका विद्युत प्राधिकरणको प्राविधिक स्टिमेटको आधारमा जोखिमयुक्त पोल तथा तार पुननिर्माण तथा मर्मतका लागि आवश्यक पर्ने खर्च विपद व्यवस्थापन कोषवाट खर्च हुने गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** देवघाट गाउँपालिका वडा नं. ५ स्थित भुवनटारघाटवाट १७,००० घ.मी ढुंगा, गिट्टी वालुवा अमानतबाट उत्खनन् गर्नको लागि सूचना प्रकाशन गरी सर्वसाधारणको लागि घाट खुल्ला गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** देवघाट गाउँपालिकाको आ.व २०८१/०८२ को लै.स.सा.स तथा सामाजिक परीक्षणका लागि छनौट भएका परामर्शदाता सस्टेनेबल कम्युनिटी एकाउण्टेविलिटी रिसर्च सेन्टर प्रा.लि. बेशीशहर, लम्जुङवाट प्राप्त प्रतिवेदन माथि छलफल भई उक्त प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा

**निर्णय नं. ६:** देवघाट गाउँपालिकाको पालिका स्तरीय आधारभूत तह( कक्षा १-८) को परीक्षा मिति २०८२/१२/०८ गते देखि सञ्चालन हुँने हुँदा उक्त परिक्षाको अनुगमन कार्यपालिका निकायका सम्पूर्ण पदाधिकारीबाटट गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७:** स्थानीय तहका लागि स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली ( LGPASS) सम्बन्धी कार्यविधि कार्यान्वयन प्रक्रिया अगाडि बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८:** देवघाट गाउँपालिकाको शिक्षक दरबन्दी तथा विद्यालय समायोजन सम्बन्धमा मिति २०८२/१०/२० गते तोप बहादुर कुँवरको संयोजक्तवमा गठित कार्यदलले पेश गरेको प्रतिवेदन माथि छलफल भई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९:** देवघाट गाउँपालिका अन्तर्गत आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०:** पालिकास्तरीय परीक्षा (आधारभूत तह कक्षा ८ र ५) मा एक विद्यालयबाट अर्को विद्यालायमा खटिने केन्द्राध्यक्ष, निरीक्षक, प्रश्नपत्र मोडेरेशनकर्ता, उत्तरपुस्तिका परीक्षण, समपरीक्षणका लागि तपसिल बमोजिमको यातायात खर्च तथा पारिश्रमिक निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो|

तपसिल:

क. केन्द्राध्यक्ष यातायात खर्च (कक्षा-८) :- दैनिक रु. ६०० (८ दिन)
ख. केन्द्राध्यक्ष यातायात खर्च (कक्षा-५) :- दैनिक रु. ५०० (८दिन)
ग. निरीक्षक यातायात खर्च : दैनिक रु. ३०० (सात दिन)
घ. प्रश्नपत्र मोडेरेशनकर्ता : रु. १००० (प्रति विषय)
ङ. उत्तरपुस्तिका परीक्षण : रु. १५ (प्रति १ वटा उत्तरपुस्तिका)
च. उत्तरपुस्तिका सम्परीक्षण : रु : २० (प्रति १ वटा उत्तरपुस्तिका)
छ. परीक्षा संचालन व्यवस्थापन (मसलन्द र ढुवानी): रु. १०००

**निर्णय नं. ११:** कार्यालयमा प्राप्त भएका निवेदन उपर छलफल भई देहाय बमोजिमका विविध विषयमा सर्वसम्मत निर्णय गरियो।

क. देवघाट गाउँपालिका वडा नं. ५ स्थित श्री श्रीनिवास भागवत वेदान्तपीठ नेपालको मिरि २०८२/१२/०१, च.नं ८२/३ को प्राप्त निवेदन पत्रानुसार उक्त वेदान्तपीठलाई "श्रीनिवास वेद वेदाङ्ग गुरुकुल विद्यालय" स्थापना एवं भौतिक पूर्वाधार निर्माण कार्यका लागि भारतीय दुतावासले सहयोग गर्ने अनुदान सहायतामा देवघाट गाउँपालिकाको ५% लागत सहभागिता रहने प्रतिवद्धताका साथ भारतीय दुतावासलाई सिफारिस गर्ने निर्णय गरियो।

ख. यस कार्यालय अन्तर्गत ४ नं. वडा कार्यालयको छानामा जस्ता माथि सिलिकन लगाउने कार्य, विजुली मर्मत तथा कार्यालय प्राङ्गण सरसफाई गरे वापत देवघाट गाउँपालिका ४ निवासी चोलेन्द्र भुजेललाई रु ७४१३।– ( सात हजार चार सय तेह्र ।-) भुक्तानी गर्ने निर्णय गरियो।

ग. देवघाट गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. १२०५, मिति २०८२/१२/०२को पत्रानुसार वडास्तरीय "मेला व्यवस्थापन" शिर्षकमा रु १,५०,०००।–( रु. एक लाख पचास हजार) विनियोजन भएकोमा

तिल बहादुर थापा
अध्यक्ष

वालाचतुर्दशी मेलामा रु. १,१५,०००।–( रु. एक लाख पन्ध्र हजार ।-) र कालिका मा.वि साउण्ड सिस्टमका लागि रु. ५०,०००।–( रु पचास हजार ।-) भुक्तानीको लागि उक्त वजेट शिर्षकमा रु १५,०००।– अपुग भएकोले उक्त अपुग रकम पालिकाको उपयुक्त शिर्षकवाट थप गरी कालिका मा.वि साउण्ड सिस्टमलाई रु ५०,०००।– भुक्तानी दिने निर्णय गरियो ।

घ. देवघाट गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. १२०७, मिति २०८२/१२/०२को पत्रानुसार वडा नं.५ स्थित हाटवजार नजिकको फोहोर व्यवस्थापन गर्दै खाल्डो पुरिसकिएको र उक्त क्षेत्रमा जग्गा सिमाङ्कन गरी सार्वजनिक संरक्षण गरी वसपार्क वनाउन आवश्यक देखिएकोले सो को लागि प्राविधिक स्टिमेटको आधारमा वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

ङ. देवघाट गाउँपालिका वडा नं. ५ अन्तर्गत हाटवजार हुँदै देउतीखोला जाने वाटोको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा पर्ने करीव ०-८-०-० को सार्वजनिक जग्गा क्षेत्री समाज देवघाटको लागि ५ नं. वडा कार्यालयवाट जग्गा व्यवस्थापनको लागि सिफारिस भई आएकोले उक्त स्थानको अनुगमन गरी सम्बद्ध निकायसँग समन्वय गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

च. देवघाट गाउँपालिका वडा नं. ५ टाउनचोक, देउपुर डवली पार्क नजिकै रहेको जोखिमयुक्त २ वटा सिमलको जिर्ण रुखहरुका कारणले हावाहुरी र वर्षायाममा जनधनको क्षती हुन सक्ने सम्भावना भएको हुँदा उक्त जोखिमयुक्त रुखहरु कटानको लागि डिभिजन वन कार्यालय तनहुँमा सिफारिस गर्ने निर्णय गरियो ।

छ. देवघाट गाउँपालिका वडा नं. ५ बस्ने श्री चन्द्र बहादुर गुरुङको छोरा वर्ष ९ को रोमन गुरुङको देब्रे हड्डीको अप्रेशन गर्नु पर्ने भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, बनेपा-११ काभ्रेपलान्चोकमा भर्ना भई उपचाररथ भएकोमा निजको उपचारमा लाग्ने खर्च मध्ये रु. ५०,०००/- गाउँपालिकाको व्यहोर्ने सर्वसम्मत निर्णय गरियो ।

तिल वहादुर थापा
अध्यक्ष